सम्पर्क नं. : ०२५५४००२४

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा युवा तथा खेलकुद शाखा
दुहवी, सुनसरी
प्रदेश नम्बर १, नेपाल

प. स. :-२०७८/०७९
च. नं. :- ५०६

मितिः २०७८।०५।२९

**विषयः सिकाइ सहजीकरण सम्बन्धमा।**

श्री सबै विद्यालय
दुहवी नगरपालिका दुहवी, सुनसरी।

उपर्युक्त विषयमा यस नगरपालिका अन्तर्गत विद्यालयमा बालबालिकाहरुको सिकाइलाई निरन्तरता दिन अनलाइन सिकाइको पहुँच अत्यन्त न्यून भएको अवस्थामा नेपाल सरकारले जारी गरेको स्मार्ट लकडाउनको प्रावधानभित्र रही तपसिलको प्रक्रिया पूरा गरी आगामी आश्विन १ गतेदेखि कक्षा ४ देखि १२ सम्मका विद्यार्थीको भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्ने र बालविकास कक्षादेखि ३ सम्म वैकल्पिक माध्यमबाट सिकाइलाई निरन्तरता दिन यस नगर कार्यपालिकाको मिति २०७८।०५।२९ को निर्णयानुसार सबै विद्यालयलाई जानकारीका लागि अनुरोध छ।

तपसिल

क) २०७८।०५।३१ सम्म अभिभावक भेला गराई सो भेलाले गरेको निर्णयानुसार आश्विन १ गतेदेखि विद्यालय सञ्चालन गर्ने गराउने।

ख) सबै विद्यालयले सिकाइ कार्यढाँचा तयार गरी भाद्र ३१ गतेसम्म नगरपालिका शिक्षा शाखामा पेश गर्ने र सोही बमोजिम सिकाइलाई निरन्तरता दिने।

ग) नेपाल सरकार स्वास्थ्य मन्त्रालयले निर्धारण गरेका स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्ण रुपमा पालना गर्दै अनिवार्य रुपमा स्वास्थ्य सुरक्षा सामग्री (मास्क, सेनिटाइजर, साबुन पानी) को व्यवस्था गरी प्रयोग गर्ने गराउने।

घ) विद्यालयमा उपलब्ध कक्षाकोठा तथा फर्निचरको अवस्थाअनुसार अलग अलग शिफ्टमा कक्षा सञ्चालन गर्ने गराउने।

ङ) प्रतिवेञ्च दुईजनाभन्दा विद्यार्थी नराख्ने व्यवस्था मिलाउने।

नीलमणी खनाल
उप-सचिव
शिक्षा युवा तथा खेलकुद शाखा